# वार्षिक प्रगति पुस्तिका

## आ.व. २०६६/६७

नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

## कृषि विभाग

**अनुगमन तथा मूल्याङ्कन शाखा**

हरिहरभवन, ललितपुर, फोन : ५५२४२२६

# मन्तव्य



नेपालको आर्थिक उन्नतीमा कृषि क्षेत्रको अग्रणी भूमिका रहेको छ । कृषिलाई विविधिकरण गरि व्यवसायिकरणमा रुपान्तरण गर्दै खाद्य सुरक्षाको सुनिश्चिता र गरिबी न्यूनिकरणमा योगदान गर्नु कृषि विभागको मुख्य उद्देश्य रहेको छ । दीर्घकालिन कृषि योजना, राष्ट्रिय कृषि नीति २०६१ र तीन वर्षिय अन्तरिम योजना (आ.व. २०६४/६५–२०६६/६७) ले निर्देशित गरे अनुरुप आ.व. २०६६/६७ मा पनि कृषि विकासको लागि विविध कार्यक्रमहरु सञ्चालन गरिएको थियो । यस्ता कार्यक्रमहरुको कार्यविधि कृषि विकासको लागि दिर्घकालिन योजना (Agriculture Perspective Plan) ले दिशाबोध गरे अनुरुप निर्माण गरि कार्यान्वयनमा ल्याईएको थियो । यस परिप्रेक्ष्यमा कृषि क्षेत्रमा गरिएका प्रयासहरु र तिनका उपलब्धीहरुलाई औंल्याउँदै तिनको सकारात्मक असरको अनुकरण गरि सम्भावनाहरुलाई अवसरको रुपमा विकास गरि प्रभावकारी कृषि कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता तथा चुनौती हो ।

आ.व. २०६६/६७ मा कृषि विकासका लागि गरिएका प्रयासहरुको लेखाजोखा गर्ने जमर्को राखि तयार गरिएको यो वार्षिक प्रगति पुस्तिकाले कृषि विभाग र मातहतमा भएका आवधिक विकास कार्यक्रमको विश्लेषण गर्नमा थप मद्दत पुऱ्याउने अपेक्षा राख्न सकिन्छ । यसका अतिरिक्त विगत त्रिवर्षिय योजनाको उपलब्धी स्थिती र कृषि सम्बन्धी समसामयिक तथ्यांकलाई समेत केही हदसम्म समेट्दै यसलाई सूचनामूलक बनाउने प्रयास गरिएको छ । आवधिक एवं तुलनात्मक आँकडाहरु प्रस्तुत गरि विश्लेषणात्मक रुपमा तयार पारिएको यो पुस्तिकाले आगामी योजना तर्जुमाका लागि समेत मार्गनिर्देश गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

यस प्रतिवेदन तयार गर्न लागि पर्नुहुने उप–महानिर्देक श्री मोहनबहादुर थापा र अनुगमन तथा मुल्यांकन शाखा प्रमुख बरिष्ठ कृषि अर्थविज्ञ श्री नैना ढकाल लगायत अन्य सम्पूर्ण सहयोगीहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

..........................

(विजयकुमार मल्लिक)
महानिर्देशक

२०६७ फाल्गुण

# मन्तब्य



नेपालको सर्वाङ्गिंण विकासमा कृषि क्षेत्र अझै पनि देशको आर्थिक मेरूदण्डको रूपमा रहेको कुरा आवधिक योजनाहरूमा यस क्षेत्रको विकासको निम्ति दिईएको महत्वबाट स्पष्ट हुन्छ । कुल जनसंख्याको करिब ६५.५ प्रतिशत जनताको जीविकोपार्जनको मुख्य पेशा कृषि रहेको र देशको अर्थतन्त्रको मेरूदण्ड कृषि क्षेत्र भएको हुँदा कृषि विकास बिना बहुसंख्यक जनताको जीवनस्तर उठ्न नसक्ने वास्तविकतालाई ध्यानमा राखि कृषि विभागले विविध कार्यक्रमहरू कृषक समक्ष ल्याई कार्यान्वयन गर्दै आईरहेको छ । सीमित श्रोत साधनको वैज्ञानिक उपयोग गर्दै कृषि उपजको उत्पादन र उत्पादकत्व बृद्धिका साथै कृषकको आय आर्जनमा बृद्धि भई गरिबी न्यूनिकरणमा योगदान पुग्नु नै कार्यक्रम कार्यान्वयनको सफलता मान्न सकिन्छ ।

प्रत्येक वर्ष कृषि विभागले सञ्चालन गरेका कार्यक्रमहरूको उपलब्धिहरूलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गर्ने र आउँदा दिनमा दीर्घकालिन कृषि योजना र अन्य दस्तावेजले दिशानिर्देश गरे अनुरूप कृषि कार्यक्रम सञ्चालन गर्न के कसरी सहयोग पुग्न सक्छ सोबारे जानकारी दिने यस प्रकाशनको मुख्य उद्देश्य हो । यस पुस्तिकामा समाबिष्ट कृषि सूचनाले आगामी योजना तर्जुमा गर्न सहि दिशानिर्देश गर्न योगदान पुग्नेछ भन्नेमा म विश्वस्त छु । आउँदा वर्षहरूमा यस प्रकारको वार्षिक प्रतिवेदनमा राखिने आँकडाहरू अझ बढी सान्दर्भिक बनाउँदै लगिनेछ भन्ने कुरामा पनि विश्वास दिलाउन चाहन्छु ।

उपरोक्त उद्देश्यलाई ध्यानमा राखि विभागीय वार्षिक प्रगति पुस्तिका प्रकाशन गर्न संलग्न हुनु भएकोमा म अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख बरिष्ठ कृषि अर्थविज्ञ श्री नैना ढकाल र कृषि अर्थविज्ञ श्री तिलकराज चौलागाई लगायत यस शाखाका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।



(मोहनबहादुर थापा)
उप-महानिर्देशक
(अनुगमन/मूल्यांकन/व्यवस्थापन)

२०६७ फाल्गुण

# दुइ शब्द



समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्ने नेपालको संविधान, अन्तरिम योजनाको सोच कृषि क्षेत्रको विकास नभएसम्म अधुरै रहने कुरामा दुइमत हुने छैन । एकातिर खाद्य समस्याको चपेटामा आधाभन्दा बढी जनसंख्या च्यापिएका छन् भने अर्कोतर्फ विश्व बजारको प्रतिस्पर्धामा उत्रने दरिलो आधारको रुपमा कृषिको विकल्प तत्काल आईनसकेको परिस्थितिमा बेरोजगारी, गरिबी र असमानता न्यूनिकरण गर्दै कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायिकरण र सहकारीकरणको माध्यमबाट द्रुततर गतिमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, आयात प्रतिस्थापन एवं निर्यात प्रबर्द्धन गर्न कृषि क्षेत्रले थुप्रै चुनौती पार गर्दै अगाडि बढ्नु परेको छ ।

यस परिस्थितिमा दीर्घकालिन कृषि नीतिको सोच, अन्तरिम योजनाको चाहना तथा कृषि नीतिलाई मध्यनजर राख्दै देश, काल, परिस्थिती सुहाउने गरि कार्यक्रम तर्जुमा तथा त्यसको उचित कार्यान्वयन हुन आवश्यक छ । कुनैपनि कार्यक्रमको उचित कार्यान्वयनबाट अपेक्षित प्रतिफल हासिल गर्दै जनमानसमा राम्रो प्रभाव पार्न अनुगमन तथा मूल्यांकनको अहं भूमिका रहने कुरा सर्वविदितै छ । कार्यक्रमको अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणको पृष्ठभूमिमा कार्यक्रमको मूल्यांकन तथा मूल्यांकनको आधारमा नविन कार्यक्रमको तर्जुमा औचित्यपूर्ण हुन्छ ।

कृषि विभाग अन्तर्गत रहेका निकायहरुको आ.व. २०६६/६७ को प्रगती, तथ्यांक, आवश्यक फर्मेट तथा प्रगति प्रतिवेदनका तरिका समेत समेटी तयार पारिएको यस पुस्तक कृषि विभाग अन्तर्गत कृषि कार्यक्रमको एउटा छोटो चिनारी हुनेछ र यसले योजना तर्जुमा तथा अनुगमन मूल्यांकनमा केही हदसम्म सहयोग गर्नेछ भन्ने विश्वास लिएकी छु ।

यस पुस्तिकालाई पाठक समक्ष पस्कन लायक पार्ने क्रममा अथक प्रयत्नबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने विशेषगरि कृषि अर्थविज्ञ श्री तिलकराज चौलागाई, कृषि अर्थविज्ञ श्री विना चित्रकार लगायत यस शाखाका सम्पूर्ण सहयोगी कर्मचारीहरु र विभिन्न आवश्यक सूचना उपलब्ध गराई यस पुस्तिका प्रकाशनमा सहयोग पुऱ्याउनु हुने कृषि विभाग अन्तर्गतका निकायहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

..................................

२०६७ फाल्गुण

(नैना ढकाल)
वरिष्ठ कृषि अर्थविज्ञ
अनुगमन तथा मूल्यांकन शाखा